नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
विकास सहायता समन्वय शाखा
सिंहदरबार, काठमाण्डौ

फोन नं. ५५३१८५०
५५४६३५४

मिति : २०७५/०५/२६

प.सं. : ०७५/७६
च.नं. : ११८

श्रीमान सचिबज्यु,
भौतिक पूर्वाधार विकास मन्त्रालय
७ वटै प्रदेश

**विषय : स्थानीय स्तरका सडक पुल कार्यक्रम संचालनका लागि प्राविधिक सहयोग बारे ।**

हालसम्म यस मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार विकास विभाग (DoLI) को समन्वयमा जिल्ला समन्वय समिति (जि.स.स.) /जिल्ला प्राविधिक कार्यालय (जि.प्रा.का.) मार्फत स्थानीय स्तरका सडक पुल कार्यक्रम देशका सात वटै प्रदेश तथा ७७ वटै जिल्लामा संचालन भइ आएको व्यहोरा अनुरोध छ । उक्त कार्यक्रम संचालनको लागि नेपाल सरकार तथा स्वीस सरकार विचको दुई पक्षीय सम्झौता अन्तर्गत स्थानीय सडक पुल सहयोग ईकाई (LRBSU) / AF-ITECO ले प्राविधिक सहयोग उपलव्ध गराउदै आइरहेको व्यहोरा अनुरोध गर्दछु ।

यसै सन्दर्भमा हाल देशको संघिय संरचना अनुसार प्रादेशिक तहबाट कार्यान्वयन हुने भएकाले स्थानीय स्तरका सडक पुल कार्यक्रम LRBSU को प्राविधिक सहयोग मार्फत कार्यान्वयन गर्नुहुन अनुरोध गर्दछु । LRBSU ले सबै प्रदेशमा तपसिल बमोजिम प्रादेशिक कार्यालय स्थापना गरी प्राविधिक सहयोग गराउंदै आईरहेको व्यहोरा निबेदन गर्दछु ।

| प्रदेश नं | LRBSU को Regional Office हरु |
|---|---|
| १ | ईटहरी |
| २ | बिरगंज |
| ३ | काठमाण्डौ (Satellite Office) |
| ४ | पोखरा |
| ५ | नेपालगंज |
| ६ | सुर्खेत |
| ७ | डडेलधुरा (Satellite Office) |

प्राविधिक सहयोग अन्तर्गत National Norms/ Standards अनुसार गुणस्तर सुनिश्चिता, क्षमता अभिबृदि, प्राबिधिक सहयोग लगायतका कुरा हरुको लागि LRBSU संग सहयोग र समन्वयमा गर्नुहुन अनुरोध गर्दछु । कार्यक्रम संचालनमा सहजताको लागि National Norms/ Standards तथा स्थानीय स्तरका सडक पुल कार्यक्रमसंग सम्बन्धित सन्दर्भ सामाग्रीहरु LRBSU मार्फत उपलव्ध गराईने ब्योहरा अनुरोध छ । साथै सो सम्बन्धमा मिति २०७५ साल श्रावण १८ गतेको Steering Committee को निर्णय आवश्यक कार्यार्थ संलग्न गरी यसै पत्र साथ पठाईएको व्यहोरा अनुरोध गर्दछु ।

बोधार्थः
श्री स्थानीय पूर्वाधार विभाग, श्रीमहल,पूल्चोक

( अमृत लम्साल )
उप सचिब